सुनछहरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोबाङ, रोल्पा

५ नं. प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७७/०७/२४)

यस सुनछहरी गाउँपालिकाको गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम अन्तर्गत आ.ब २०७७/०७८ को लागि तपसिल बमोजिमको पदमा खुल्ला प्रतियोगिता मार्फत करारमा कर्मचारी नियुक्ति गर्नु पर्ने भएकोले योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुले आफ्नो नागरिकताको प्रमाण पत्र प्रतिलिपि शैक्षिक योग्यता तथा अनुभवका प्रमाण पत्रका प्रतिलिपि संलग्न राखि गाउँपालिकाले तोकेको ढाँचामा दरखास्त फारम भरी यस गाउँपालिकाको कार्यालय सुनछहरी ५ पोवाङमा यो सूचना प्रकाशित -भएको मितिले१५(पन्ध्र) दिन भित्र रितपूर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेका दरखास्त फारमहरु मान्य हुने छैनन्।

**तपशिल**

| विज्ञपन नं. | पद | पद संख्या |
|---|---|---|
| ०८/२०७७/०६/१८ | उद्यम विकास सहजकर्ता | २ |

१. **आबस्यक न्युनतम योग्यता:**

क) प्राबिधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट उद्यम विकास सहजकर्ता सम्बन्धि डिप्लोमा कोर्ष उतिर्ण गरेको वा उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ तह उतिर्ण गरेको वा उद्यम विकास सहजकर्ता सम्बन्धि प्राबिधिक प्रवेशिका परीक्षा(TSLC) उतिर्ण गरेको।

२. **आबस्यक कागजातहरु:**

क) नेपाली नगारिकताको प्रमाणपत्रको प्रतिलिपि

ख) २(दुई) प्रति पासपोर्ट साइजको फोटो

ग) शैक्षिक योग्यताको प्रतिलिपिहरु

घ) अनुभव भए अनुभवको प्रमाणपत्रको प्रतिलिपि

३. **दरखास्तको माध्यम:** ईच्छुक आवेदकले तोकिएको परिक्षा दस्तुर रकम जम्मा गरेको सक्कल भौचर वा नेपाल एस.बि.आई सुनछहरी शाखामा रहेको यस कार्यालयको GA 1.1 ANTARIK RAJASWA KHATA, खाता नं. 43595241207004 मा रकम जम्मा गरेको सक्कल भौचर सहित तोकिएको मितिमा आवस्यक कागजात ,प्रमाणपत्रहरुको स्वयंद्वारा प्रमाणित प्रतिलिपिहरु साथ राखी रितपुर्वक आवेदन फारम भरी यस गाउँपालिकाको प्रशासन शाखामा आबेदन दिनु पर्नेछ।

४. **उम्मेदवारको उमेर हद:** पुरुषको हकमा १८ वर्ष पूरा भइ ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पूरा भइ ४० वर्ष ननाघेको।

५. **दरखास्त दिने अन्तिम मिति:** २०७७/०८/०८ गते कार्यालय समय भित्र। उक्त दिन सार्बजनिक बिदा परेमा सोको भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन।

६. **दरखास्त दिने स्थान:** सुनछहरी गाउँपालिकाको कार्यालय पोबाङ रोल्पा।

७. **तलव भत्ता:** गाउँपालिकाको नियमानुसार।

८. **दरखास्त दस्तुर:** रु ३००(रु तिन सय मात्र)।

९. **पदपूर्तिको किसिम:** प्रारम्भिक छोटो सुची प्रकाशन र अन्तरवार्ता।

१०. सम्पर्क मिति: दरखास्त बुझाउने अन्तिम मितिको भोलिपल्ट, उक्त दिन विदा भएमा त्यसपछिको कार्यालय खुल्ने दिन।

११. **परिक्षा हुने मिति र समय:** सम्पर्क मितिको दिन तोकिनेछ।

*नोट: आवेदन फारम सुनछहरी गाउँपालिकाको कार्यालय वा www.sunchhaharimun.gov.np बाट प्राप्त गर्न सकिनेछ। सूचनामा उल्लेख भए बाहेकका अन्य विषय कार्यालयको निर्णय बमोजिम हुनेछ।* ***सम्पर्कको लागि:*** *९८४१०४११५३*

वीरबहादुर पुन

प्रमुख प्रशासकीय अधिकृत

*सम्पर्क ठेगाना: सुनछहरी गाउँ कार्यपालिकाको कार्यालय पोबाङ-०५, रोल्पा ,५ नं. प्रदेश नेपाल*

*कार्यालयको फोन नं. ९८५७८२५०९३ Website:* www.sunchhaharimun.gov.np *Email:* sunchhaharimun@gmail.com

info@sunchhaharimun.gov.np